# बुढानीलकण्ठ नगरपालिका


## बुढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित


# स्थानीय राजपत्र


खण्डः ८ | सङ्ख्याः१ | मितिः२०८२/०१/२६


## भाग-३

स्थानीय सरकार

बुढानीलकण्ठ नगरपालिकाको

### विज्ञापन सामग्री तथा होर्डिङ बोर्ड नियमित गर्ने सम्बन्धी सूचना

बुढानीलकण्ठ नगरपालिकाको विज्ञापन कर (व्यवस्थापन तथा नियमन) ऐन, २०८१ को दफा १० बमोजिम ऐ. ऐन लागू हुनुपूर्व नगरपालिका क्षेत्रभित्र राखिएका विज्ञापन सामग्री तथा होर्डिङ बोर्ड नियमित गर्न सम्बन्धित स्वामित्वकर्ताले यो सूचना प्रकाशित भएको मितिले साठी (६०) दिनभित्र तपसिल बमोजिमका विवरणहरू खुलाई देहाय बमोजिमका कागजात संलग्न गरी नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यस नगरपालिकाको विज्ञापन कर (व्यवस्थापन तथा नियमन) ऐन, २०८१ को दफा १० बमोजिम नियमित गर्नुपर्ने विज्ञापनजन्य सामग्री यस सूचनाको म्यादभित्र नियमित गर्नका लागि निवेदन पेश नगरी राखिएको पाईएमा ऐ. ऐन तथा प्रचलित कानुन बमोजिम कारबाही गरिने व्यहोरा समेत सूचित गरिन्छ।

तपसिलः

(अ) खुलाउनुपर्ने विवरणः

१. विज्ञापन गर्ने वस्तु वा सेवाको विवरण(संक्षिप्त):

२. विज्ञापन/होर्डिङ बोर्ड रहने स्थान (वडा नं., टोल/चोक/मार्ग):

३. विज्ञापन सामाग्री/होर्डिङ बोर्डको,

(क) आकारः

(ख) क्षेत्रफलः

(ग) बनोटः

(घ) प्रकृतिः

(ङ) संख्याः

४. विज्ञापन सामग्री/होर्डिङ बोर्ड राख्ने अवधिः
५. विज्ञापन/होर्डिङ बोर्ड रहने घर वा जग्गाधनीको नाम थर, ठेगाना र सम्पर्क नं.:
६. विज्ञापन/होर्डिङ बोर्ड सम्बद्ध उत्पादक/संस्था/फर्म/एजेन्सीको नाम र ठेगानाः
७. विज्ञापनदाता/स्वामित्वकर्ता/सम्बन्धित व्यक्तिको नाम थर, ठेगाना र सम्पर्क नं.:

(आ) आवश्यक (न्यूनतम) कागजातः

१. विज्ञापन/होर्डिङ बोर्ड सम्बद्ध उत्पादक/संस्था/फर्म/एजेन्सीको दर्ता प्रमाणपत्र, PAN दर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
२. विज्ञापनदाता/स्वामित्वकर्ता/सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (विदेशी नागरिकको हकमा राहदानीको प्रमाणित प्रतिलिपि वा सम्बन्धित राजदुतावासको निजको परिचय खुल्ने सिफारिस/प्रमाण)
३. विज्ञापन/होर्डिङ बोर्ड रहने घर वा जग्गाधनीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
४. विज्ञापनकर्ता र विज्ञापन/होर्डिङ बोर्ड रहने घर वा जग्गाधनीबीचको बहाल सम्झौतापत्रको प्रतिलिपि
५. विज्ञापन सामग्री/होर्डिङ बोर्ड रहने जग्गाको हकमा जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा घरको हकमा निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपि

आज्ञाले,
अजय बतौंला
प्रमुख प्रशासकीय अधिकृत